# खरिदार तहको लोक सेवा आयोग परिक्षा तयारी कक्षा सञ्चालनका लागि सिलबन्दी प्रस्ताब आह्वान सम्बन्धी पनौती नगरपालिकाको जरुरी सूचना

(दोश्रो पटक प्रकाशित मिति : २०७३।०२।०३ गते सोमबार )

यस नगरपालिकाको चालु आ.ब. ०७२।०७३ का लागि पिछडिएका जातजातिका महिलाहरुको लागि लोक सेवा परिक्षा तयारी सम्बन्धी तालिम कार्यक्रम र महिलाहरुको लागि लोक सेवा परिक्षा तयारी सम्बन्धी तालिम कार्यक्रम मा स्वीकृत बजेट ब्यबस्थाको अधिनमा रही खरिदार तहको कक्षा  सञ्चालन गर्न इच्छुक फर्म/कम्पनी/संघ/संस्थाहरुलाई यो सूचना प्रकाशन भएको मितिले ७ दिन भित्र सिलबन्दी प्रस्ताब पेश गर्न दोश्रो पटक यो सुचना प्रकाशन गरिएको छ । प्रस्ताब फाराम रु ३००।- नगद भुक्तानी गरी यो सुचना प्रकाशन भएको मितिले ७ दिन सम्म यस कार्यालयको कर उपशाखाबाट कार्यालय समय भित्र खरिद गर्न सकिने छ । खरिद गरिएको प्रस्ताब फाराम सिलबन्दी गरी ८ औं दिन दिनको १२.०० बजे भित्र नगरपालिकामा दर्ता गर्नुपर्ने छ । दर्ता हुन आएका सिलबन्दी फारामहरु ८ औं दिन दिनको २.०० बजे यस कार्यालयमा खोलिने छ । यस सम्बन्धी विस्तृत बिवरण यस नगरपालिका, जिल्ला बिकास समितिको कार्यालय, जिल्ला प्रशासन कार्यालय, कोष तथा लेखा नियन्त्रकको कार्यालय, काभ्रेको सुचना पाटीमा समेत टाँस गरिएको छ । साथै यस सम्बन्धी आवश्यक जानकारी नगरपालिकाको **Website:- www.panautimun.gov.np** मा हेर्न सकिने तथा नगरपालिकाको सामाजिक बिकास शाखामा सम्पर्क राखि बुझ्न सकिने  छ ।

## कक्षा सञ्चालनका शर्तहरु

१.  लोक सेवा आयोग तयारी कक्षा पनौती नगरपालिकाको उपयुक्त स्थानमा सञ्चालन गर्नु पर्ने छ ।

२  लोक सेवा आयोग तयारी कक्षा हप्ताको कम्तिमा  ६ दिन सञ्चालन गर्नु पर्ने छ ।

३.  तयारी कक्षाको जम्मा अवधी ४५ दिनको  हुने छ ।

४. लोक सेवा तयारीका सैद्धान्तिक बिधी र प्रक्रियाहरुलाई अवलम्बन गरि कक्षा सञ्चालन गर्नु पर्ने छ ।

४. ४० जना सहभागी हरुलाई लक्षित गरी कक्षा सञ्चालन गर्नु पर्ने छ ।

५. कक्षाका सहभागीहरुको छनौट नगरपालिकाले गर्ने छ ।

६. कक्षाका सहभागीहरु दलित, बिपन्न महिला तथा नागरिक सचेतना केन्द्रका सहभागी सदस्यहरु वा निजहरुका परिवारका सदस्यहरु हुनेछन ।

७. कक्षा सञ्चालन प्रत्येक दिन कम्तीमा ३ घण्टा हुनुपर्ने छ ।

८. कार्यक्रम सञ्चालन गर्न इच्छुक फर्म/कम्पनी ,संघ संस्थाले निबेदन सहित तपशिल बमोजिमका कागजातहरु पेश गर्नु पर्ने छ ।

(क) संस्था दर्ता तथा नविकरण प्रमाणपत्रको प्रतिलिपी

(ख) कर चुक्ता प्रमाण पत्रको प्रतिलिपी

(ग) मु. अ. कर दर्ता प्रमाणपत्रको प्रतिलिपी

(घ) प्रशिक्षकको ब्यक्तिगत बिवरण ।

९. कक्षा का सहभागी प्रशिक्षार्थीहरु कम्तीका एस. एल. सी. परिक्षा उतिर्ण गरेको हुनुपर्ने छ ।

१०. प्रशिक्षकले लोक सेवा आयोग तथा अन्य यस्तै प्रकृतीका कम्तीमा २ वटा तालिमहरु सञ्चालन गरेको हुनुपर्ने छ ।

११. तालिम सञ्चालन गर्ने  संघ संस्थाले तालिम सम्पन्न भएपछी ३ प्रति प्रतिबेदन नगरपालिकामा पेश गर्नु पर्ने छ ।

१२. संस्था छनौट गर्ने अन्तिम अधिकार नगरपालिकामा निहित रहने छ ।

१३. आवश्यक प्रकृया पुरा भएका तथा सबैभन्दा कम अंक कबोल गर्ने संघ संस्था लाई छनौट गरि तालिम सञ्चालन गर्ने अनुमति प्रदान गरिने छ ।

१४. तालिम हलको ब्यबस्था तालिम दिने संस्था स्वयंले गर्नु पर्नेछ ।